तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बोङ्गादोभान, रुकुम पूर्व

# तमानखोला गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना :** तमानखोला गाउँपालिका भित्र, विशेष गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दाहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्‍यानका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी , सरल, भरपर्दो र पहुँच बढाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यस तमानखोला गाउँपालिकाले तमानखोला गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०७९ जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (क) यो कार्यविधिको नाम "तमानखोला गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०७९" रहने छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "एम्बुलेन्स" भन्नाले नेपाल सरकारबाट बिरामी ओसारपसार गर्नका लागि स्वीकृत प्राप्त वहान सम्झनु पर्दछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्स सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्दछ ।

(ग) "चालक" भन्नाले एम्वुलेन्स चलाउने चालक सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" तमानखोला गाउँपालिकालाइ सम्झनु पर्दछ ।

(ङ) "सेवा शुल्क" एम्बुलेन्स सेवा लिएबापत सेवाग्राहीले बुझाउनु पर्ने समितिले तोकेको शुल्क सम्झनु पर्दछ ।

(च) "एम्बुलेन्स सेवा" भन्नाले विरामीलाई बाटोमा दिने सम्पूर्ण सेवा सम्झनु पर्दछ ।

**३. पालिका स्तरीय एम्बुलेन्स ब्यवस्थापन समितिः**

(१) यस तमानखोला गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा ब्यवस्थापन गर्न देहाय बमोजिमका पदाधिकारीहरु रहेको पालिका स्तरीय एम्बुलेन्स सेवा ब्यवस्थापन समिति रहनेछ ।

जोकलाल बुढा
अध्यक्ष

तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बोङ्गादोभान, रुकुम पूर्व

जोकलाल बुढा
अध्यक्ष

(क) गाउँपालिका अध्यक्ष : संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

(ग) सामाजिक विसास समितिको संयोजक : सदस्य

(घ) आर्थिक प्रशासन शाखाको कर्मचारी १ जना सदस्य

(ङ) पालिका भित्र रहेको रेडक्रस सोसाइटीको प्रतिनिधिवाट १जना : सदस्य

(च) एम्बुलेन्स सेवा संचालन गर्ने संस्थाको समितिको प्रतिनिधि मध्यवाट १ जना सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख : सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) राष्ट्रिय, प्रदेश र जिल्ला स्तरीय एम्बुलेन्स व्यवस्थापन समितिसँग समन्वय गर्ने,

(ख) एम्बुलेन्स सेवा तथा प्रेषण केन्द्रको नियमित अनुगमन गरी सुधार गर्न निर्देशन दिने,

(ग) एम्बुलेन्स तथा प्रेषण केन्द्रका कर्मचारीलाई तालिमको लागि जिल्ला तथा प्रदेश एम्बुलेन्स व्यवस्थापन समितिसँग समन्वय गर्ने,

(घ) एम्बुलेन्स तथा प्रेषण केन्द्रको बारेमा गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने,

(ङ) सरोकारवाला तथा अन्य संघसंस्थाहरुसँग आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

(च) एम्बुलेन्स सेवा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गर्ने

(छ) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(२) उपदफा (१) बमोजिमको समितिको कुल सदस्य संख्या मध्य एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

जोकलाल बुढा
अध्यक्ष

जोकलाल बुढा
अध्यक्ष

**४. एम्बुलेन्स सेवा संचालन गर्ने स्वास्थ्य संस्थाको काम कर्तव्य र अधिकार :**

(१) एम्बुलेन्स सेवा सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको मातहतमा सञ्चालन हुनेछ ।

(२) प्रचलित कानून, राष्ट्रिय एम्बुलेन्स निदेशिका, २०७८ तथा यस कार्यविधिमा उल्लेख भए बमोजिमको शर्तहरुको पालना गर्ने कर्तव्य सम्बन्धित सम्झौता गरेको एम्बुलेन्स सञ्चालन गर्ने स्वास्थ्य संस्थाको हुनेछ ।

(३) जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति र यस कार्यविधिको दफा ३ बमोजिमको समितिसँग समन्वय गरी निश्चित मापदण्डको आधारमा भाडादर कायम गर्ने तर गर्भवती तथा सुत्केरी महिला, स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई ५०% छुटमा सेवा उपलब्ध गराउने ।

**४. सेवा शुल्क सम्बन्धी व्यवस्था :**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७९ को अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ,

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम सम्बन्धित स्वास्थ्य संस्थाको बैंक खातामा जम्मा गर्नुपर्नेछ,

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि स्वास्थ्य संस्थाले नगदी रसिद छपाई चालकलाई उपलब्ध गराउनुपर्नेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता, लगबुकको आधारमा सम्बन्धित स्वास्थ्य स्वास्थ्य संस्थामा राख्नुपर्नेछ ,

(४) सेवा दिएवापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ,

(५) खाताको रकम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार मात्र खर्च गर्न पाइनेछ। कोषको रकम सामान्यतया चालकको तलबभत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार, एम्बुलेन्समा जाने स्वास्यकर्मीको दै.भ्र. भत्ता र एम्बुलेन्समा रहने अति आवश्यक सामाग्रीको खरिदमा खर्च गर्नुपर्नेछ।

**५. एम्बुलेन्स ब्यववस्थापन कोष :**

जोकलाल बुढा
अध्यक्ष

तमानखोला गाउँ कार्यपालिकाको कार्यालय
बोङ्गादोभान बागलुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

जोकलाल बुढा
अध्यक्ष

(१) प्रभावकारी रुपमा एम्बुलेन्स सेवा संचालन गर्नको लागि पालिका स्तरमा **एम्बुलेन्स संचालन तथा व्यवस्थापन कोष** रहने छ ।

(२) कोषको रकम पालिका स्तरीय एम्बुलेन्स सेवा व्यवस्थापन समितिको निर्णय अनुसार मात्र खर्च गर्न पाइनेछ । कोषको रकम सामान्यतया चालकको तलबभत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार, एम्बुलेन्समा जाने स्वास्यकर्मीको दै.भ्र. भत्ता र एम्बुलेन्समा रहने अति आवश्यक सामाग्रीको खरिद तथा व्यवस्थापनमा सम्वन्धित एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिले खर्च व्यवस्थापन गर्न नसकेको निर्णय भई आएमा सोधभर्ना तथा सिधै भुक्तानी गर्न सकिनेछ ।

**६. चालकको नियुक्ती र सेवा सुविधा :**

(१) एम्बुलेन्स सेवा संचालनका लागि कम्तिमा ७ कार्यदिनको सार्वजनिक सूचना प्रकाशन गरी राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७९ को दफा १८(१) अनुसारको योग्यता पुगेको चालकलाई सेवा करारमा नियुक्ती गर्नुपर्नेछ ।

(२) चालकको सेवा सुविधा सम्बन्धित स्वास्थ्य संस्थाको व्यवस्थापन तथा सञ्चालन समितिले तोके बमोजिम हुनेछ ।

(३) चालकले पालना गर्नुपर्ने आचार संहिता राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७९ को अनुसुची (१७) बमोजिम हुनेछ ।

**६. जनशक्ति व्यवस्थापन :** राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७९ को अनुसुची (११) बमोजिमको जनशक्ति व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्वास्थ्य संस्थाको नै हुनेछ ।

**७. एम्बुलेन्स रहने स्थान :** एम्बुलेन्स सम्बन्धित स्वास्थ्य संस्थाको हातामा सुरक्षित साथ राख्नु पर्नेछ ।

**८. एम्बुलेन्सको मर्मत सम्भार :** एम्बुलेन्सको नियमित मर्मत सम्भार समितिको अनुमति लिई जिम्मेवारी चालकको हुनेछ ।

**९. अभिलेख तथा प्रतिवेदन :** एम्बुलेन्स सेवा सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाले दैनिक गरिएका क्रियाकलापहरुको अभिलेख राख्नुपर्नेछ र मासिक, चौमासिक र बर्षिक रुपमा राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७९ को अनुसुची (१४) बमोजिम सम्बन्धित निकायमा प्रतिवेदन गर्नुपर्नेछ ।

जोकलाल बुढा
अध्यक्ष

तमानखोला गाउँ कार्यपालिकाको कार्यालय
बोङ्गादोभान बागलुङ
गण्डकी प्रदेश, नेपाल
२०७३